# व्यवस्थापिका संसद, वातावरण संरक्षण समितिबाट नेपालको सहरी वातावरणको अवस्था र भावी कार्ययोजनाबारे मंन्त्रालयलाई दिशा निर्देशन

## पृष्ठभूमी

सहरी विकास मन्त्रालयद्वारा आफ्नो कार्यक्षेत्र अन्तर्गत वातावरण संरक्षण सम्बन्धमा भए गरेका प्रयास तथा प्रस्तावित गतिविधि बारे व्यवस्थापिका संसद वातावरण संरक्षण समिति लाई जानकारी गराउन निर्देशन प्राप्त भए अनुरुप मिति २०७१ आसार ।१५ गते संसद सचिवालयमा कार्यक्रम सम्पन्न भएको ।
उक्त कार्यक्रममा माननीय सहरी विकास मन्त्री श्री डा. नारायण खड्काज्यू, श्रीमान् सचिव किशोर थापाज्यू तथा काठमाडौं उपत्यका विकास प्राधिकरणका विकास आयुक्तज्यू लगायत मन्त्रालय र अन्तर्गतका निकाय प्रमुखहरुको सहभागिता रहेको ।
माननिय मन्त्रीज्यू तथा सचिवज्यू बाट समितिका माननीय अध्यक्षज्यू तथा सदस्यहरुज्यू समक्ष गर्नु भएको प्रस्तुतीमा माननीय सदस्यज्यूहरुबाट प्राप्त "काठमाडौ उपत्यका विकास प्राधिकरण" को कार्यक्षेत्र संग सम्बन्धित दिशा निर्देशन तथा सुझावहरु निम्न अनुसार रहेका छन् ।

**अनधिकृत रुपमा जग्गा विकास (Plotting):-** आजभोली जग्गा दिनानुदिन हरेक व्यक्ति, संस्थाहरु जसले पनि कृषकहरुसंग सुपथ मूल्यमा जग्गा खरिद गर्ने र त्यसलाई आफुखुसी Plotting गरी विक्री गर्ने गर्दछन् । यस्ता खालको Plotting गर्नाले कृषियोग्य, उर्वरा जमिन नष्ट हुन्छ र खाद्यान्न उव्जनी पनि कम हुँदैछ । त्यसैले गर्दा खाद्यान्न संकट पर्दैछ र अरुको भरमा निर्भर हुनुपर्ने स्थिति आएको छ । त्यसैले Plotting गर्नुपर्ने स्थान भनेको कृषिको लागि अयोग्य उब्जनी नहुने मानौं बस्ती बस्नको लागि मात्र ठीक हुने खालको ठाउँमा Plotting गर्नु पर्दछ । जतातत‍ै Plotting गरेर बस्ती बसाल्दा रुख विरुवा रोप्ने ठाउँ हुँदैन । त्यसैले गर्दा वातावरण सफा हुँदैन पानीको संकट पर्दछ । कित्ताकाट नगरी बाटो खोल्ने र जग्गा Plotting गर्ने प्रवृतिले गर्दा अनधिकृत रुपमा आजभोली गरेको जग्गा Plotting उपयुक्त छैन ।

**Land Use Plan को तयारी तथा पालना:-** जग्गाको वर्गीकरण राष्ट्रिय भू-उपयोग नीति २०६९ अनुसार गर्नुपर्ने । निश्चित स्थानमा घर बनाउने,कृषि भूमि संरक्षण गर्ने लगायतका कार्य Land Use Plan अनुसार हुनु पऱ्यो । जग्गा बेच्नेले बाटो आफ्नो नाममा कायम गर्न नपाउने प्रावधान हुनु अपनवार्य गर्नु पर्ने ।

**बस्ती निषेध क्षेत्र र बस्ति विकास क्षेत्र:-** पूर्वाधारहरुको विकास भएको स्थानमा मात्र बस्ती विकास गर्नुपर्दछ । कृषि योग्य जमिनमा बस्ती वस्न दिनुहुँदैन र उब्जनी नहुने स्थानमा मात्र बस्ती विकास गर्नु पर्दछ । भूकम्पिय हिसावले जोखिम हुने, धैरै भिरालो जमिनमा पैरो जाने र नदी किनारामा बाढीको प्रकोपको डर हुने हुनाले यस्ता स्थानमा वस्ती वस्न निषेध गर्नुपर्छ । धन जनको क्षति नहुने ढल, पानी विजुली, टेलिफोन, सडक इत्यादि कुराको

सुविधा भएको  स्थानमा बस्ती बसाल्न उपयुक्त हुन्छ । सोही अनुरुप योजना तयारी गरी कडाईका साथ लागु गर्नु पर्छ । यस अनुसारको कडा नीति, कानून आवश्यक भएमा तयार पारी पेश गर्नु पर्छ ।

**Manipulation गर्न नसक्ने कानून:-** कानून कार्यान्वयनको लागि एउटा कुराले एउटै मात्र अर्थ लाग्ने हुनु पर्दछ । त्यसले दोहोरो अर्थ लाग्ने हुनु हुँदैन । विभिन्न निकाय को सहरी विकास पूर्वाधार विकास सम्बन्धि भूमिका पनि प्रष्ट हुनुपर्दछ । झन्झटिलोर घुमाउरो अर्थ लाग्ने हुनु हुँदैन ।

**प्राङ्गारिक मल उत्पादन तयारीः-** घरबाट निस्कने फोहोर वस्तुहरुमध्ये पनि छुट्याएर सड्ने, गल्ने वस्तुहरु एकातिर र प्लाष्टिकका झोला लगायत नगल्ने वस्तु अर्कोतिर छुट्याउनु पर्दछ । यस्ता किसिमबाट मल उत्पादन गर्नाले वातावरणमा पनि सुधार आउँदछ । फोहोर पनि कम हुन्छ । वातावरण प्रदुषित हुनबाट रोक्न सकिन्छ ।

**UN पार्कभित्र भौतिक संरचना बनाउनु हुँदैनः-** कुनै पनि हालतमा UN पार्कभित्र भौतिक संरचना बनाउनु हुँदैन किनभने भौतिक संरचनाले गर्दा पार्कको वातावरणमा नकारात्मक असर पर्दछ । फोहोर बढी हुन्छ । त्यसैल UN पार्कभित्र वृक्षारोपण गर्ने विभिन्न प्रजातिका फूलका विरुवा रोप्ने गर्नु पर्दछ । जसले गर्दा पार्कभित्रको वातावरण सफा, सुन्दर, हराभरा देखिन्छ । यसमा काठमाडौ उपत्यका का र खासगरी ललितपुर का सांसदहरु सजग छन् ।

**सार्वजनिक जग्गामा भवन बनाउन दिनु हुँदैनः-** सार्वजनिक जग्गामा स्थायी प्रकृतिका कुनै पनि भवन संरचना निर्माण गर्न दिनु हुँदैन । सार्वजनिक जग्गालाई संरक्षण गरी रुख विरुवा रोप्ने र उद्यानहरु मात्र बनाउनु पर्दछ । त्यसले हरियाली, सुन्दर र सफा सहर भई वातावरण स्वच्छ, सफा हुन्छ ।

**मुहानलाई खानेपानीको लागि प्रयोजनः-** खानेपानीको मुहान छेउ छाउ मानव वस्ती बस्न दिनु हुँदैन र अरु प्रयोजनको लागि पनि प्रयोग गर्नु हुँदैन । खानेपानीको मुहान भएको स्थानलाई संरक्षण गरी त्यसलाई सदुपयोग गरी प्रयोजनमा ल्याउनु पर्दछ । जसले गर्दा पानीको समस्या कम गर्न सकिन्छ ।

**उपत्यकाभित्र कुन क्षेत्रमा कति तला बनाउने Clear By Laws** :- मापदण्ड आवश्यक छ । तर पनि अनुगमन फितलो भएको कारणले मापदण्ड विपरित निर्माण भईरहेको छ । घरको उचाई सम्बन्धित मापदण्ड सर्व साधारणले बुझ्ने,छिमेकील समेत नियमन गर्न सक्ने हुन पर्छ सहर वासी को सुरक्षा र स्वास्थ्यलाई समेत यसबाट प्रत्यक्ष असर पर्ने हुँदा गंभिर भै सार्वजनिक तथा सामाजिक अनुगमन समेत हुन सक्ने गरी जन चेतना अभिवृद्धि कार्यक्रमको थालनी हुनु पर्छ ।

**Multi Storey भवन बनाउनु भएनः-** काठमाडौं उपत्यकामा प्राकृतिक प्रकोप जस्तै भूकम्पीय हिसावले जोखिम बढी छ  र काठमाडौं उपत्यकामा Open Space पनि छैन । त्यसैले गर्दा पनि Multi Storey भवन बनाउन दिनु हुँदैन ।

**काठमाडौं उपत्यकालाई एक ईकाइको रुपमा विकास योजनाः-** काठमाडौं उपत्यकालाई एउटै योजना ईकाईको रुपमा विकास योजना बनाउनु पर्दछ । यसलाई तीन जिल्लामा विभाजित गर्नु भएन । एउटै ईकाईको सन्तुलित रुपमा विकास गर्नु पर्दछ ।

**काठमाडौं उपत्यकाबाट शुरु गरौंः-** काठमाडौं उपत्यकालाई भौतिक पूर्वाधार खानेपानी, ढल निकास, विजुली, सडकजस्ता अत्यावश्यक सेवा, सुविधा, पर्याप्त मात्रामा साधन स्रोत भएको् सफा, सुन्दर, हराभरा, सु-व्यवस्थित नमूना सहर बनाउनु पर्दछ र क्रमिक रुपमा अरु वाहिरी जिल्लाहरुमा पनि विकास गर्दै लैजानु पर्दछ ।

**सार्वजनिक शौचालयको उपयुक्त व्यवस्थाः-** काठमाडौं उपत्यकामा सार्वजनिक शौचालयको व्यवस्था काठमाडौं महानगरपालिकाले मिलाउँदै आएको छ तर पर्याप्त मात्रामा व्यवस्था गर्न सकेको छैन र भएको ठाउँमा पनि सही तरिकाले प्रयोग भएको छैन । सार्वजनिक शौचालयको समुचित प्रबन्ध मिलाई काठमाडौं उपत्यकाको सरसफाई र वातावरण संरक्षणमा जोड दिनु पर्दछ । त्यसको लागि आवश्यक स्थान, पानी, ढलको राम्रो व्यवस्था नभएकोले दुर्गन्ध फैलिरहेको छ । त्यसको लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित निकायले पहल गर्नु पर्दछ ।

**वागमति नदी किनाराका वस्ती सुकुम्वासी कि हुकुमवासी ?ः-** वागमती नदी किनारामा वस्दै आएका मानिसहरु विभिन्न प्राकृतिक प्रकोपबाट विस्थापित भएर खोला किनारामा वस्ती वसालेका हन् । वास्तविक सुकुम्वासीको पहिचान गरी नेपाल सरकारलाई अप्ठ्यारो नपर्ने गरी सुकुम्वासी वस्ती प्रवर्धन नहुने नीति अपनाई तिनीहरुको उचित व्यवस्था हुनु जरुरी छ ।

**मेलम्चीको पानीले काठमाडौं उपत्यकालाई पुग्छ ?ः-** २०५५ सालमा काठमाडौंको जनसंख्या कम थियो, त्यही अनुसार योजना तयार भयो । अहिले आएर काठमाडौंको जनसंख्या वढी भएको छ । तर आयोजनाको क्षमतामा वृद्धि भएको छैन । त्यसकारणले गर्दा मेलम्ची आएपनि उपत्यकाको जनसंख्यालाई पानी पुग्न सम्भव छैन । मेलम्चीको मात्र भर नपरौं। नयाँ स्रोतको खोजी गरौं र भूमिगत पानीको सदुपयोन गरौं ।

**नीति मापदण्ड अनुसार बनाई सहरी हरियाली प्रवर्धनः-** यसको लागि सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्छ , त्यसमा रुख विरुवा लगाउनु पर्छ । व्यक्तिले घर वनाउँदा पनि एक घर एक रुख रोप्नु पर्ने नियम अनिवार्य गर्नु पर्छ । उपत्यकाको वातावरण सुहाउने बोट विरुवा रोप्न प्रोत्साहन गर्नु पर्ने । काठमाडौंमा कुन विरुवा रोप्ने पहिला अध्ययन गरी उपयुक्त योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ । संरक्षण भू-उपयोग परिवर्तन सार्वजनिक जग्गाको स्वामित्व सार्वभौम जनताको भएका ले सम्बन्धित निर्णय एक द्वार प्रणाली लिंदा सार्वजनिक सुनुवाई हुनुपर्ने ।

**काठमाडौं उपत्यकाभित्र नमूना सौन्दर्यीकरणः-** उपत्यकाको सडक क्षेत्रमा वृक्षारोपण गरी हरियाली बनाउनु पर्दछ । ठाउँ-ठाउँमा फोहर मैला राख्न फोहर मैला वाकस राख्नु पर्दछ । उपत्यकामा सवारी चापका कारण सडक दिनानु दिन साँघुरो हुँदै गईरहृको छ । फुटपाथ बजारले समेत वटुवालाई गन्तव्यमा पुग्न समस्या छ । त्यस्ता बजार निश्चित ठाउँमा राख्ने व्यवस्था गर्नु पर्दछ । खाल्डा खुल्डी सडकको मर्मत सम्भार समय समयमा

भईराख्नु पर्छ । जसले सडक दुघटना समेत नहुने र बाटो समेत राम्रो भई सहर सुन्दर देखिन्छ । विस्तारीत सडकमा सार्वजनीक प्रयोगको पहँच बढाउने,ती सडकहरुको सौन्दर्य र हरियाली प्रवर्धन नमूना तयार गरी मापदण्ड तयार गर्ने ।

**बाग-बगैचा ५ वटा पाईलट ठाउँमाः-** सार्वजनिक जग्गाहरुको संरक्षण गरी त्यसमा वृक्षारोपण गर्ने,विभिन्न जाति प्रजातिका फूलका विरुवा रोपी सुन्दर,सफा नमूना शहर निर्माण गर्ने त्यसले गर्दा काठमाडौं उपत्यकाको वातावरणमा धेरै राम्रो प्रभाव पर्छ ।

**Public Private Partnership द्वारा सार्वजनिक जग्गाको संरक्षणः-** सरकारी कार्यालयले मात्र सार्वजनिक जग्गाको संरक्षण गर्न सम्भव हुँदैन । सार्वजनिक जग्गाको संरक्षणमा निजी क्षेत्रलाई पनि प्रोत्साहन गर्ने नीति ल्याउनु पर्छ ।

**डाँडाकाँडामा डोजर लगाउन तुरुन्त बन्द गरौंः-** डाँडाकाँडामा डोजर लगाउँदा भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक विपत्ति सामना गर्नु पर्ने हुन्छ । जसले गर्दा धन-जनको क्षति भई संकट उत्पन्न हुन्छ । प्राकृतिक विपद र दुर्घटना पछि सरकारले के हेरेर बसेको बेलैमा सर्वसाधारणलाई किन सजग नवनाएको आदी प्रश्न उठ्न सक्छ । तर्सथ यो दायित्व बाट विमुख हुन भएन ।

**ढल र सेफ्टी ट्याङ्की दुबै किन ?ः-** ढलबाट वर्षातको पानी खोलामा पठाउने हो भने घरबाट निस्कने मल मूत्रजन्य फोहर सेफ्टी ट्याङ्कीमा जम्मा हुने गर्दछ । सेफ्टी ट्याङ्कीमा जम्मा भएको फोहरलाई स्थानिय निकायले त्यसको व्यवस्था गर्ने गर्दछ । त्यसैले ढल र सेफ्टीट्याङ्कीको दुवैको आवश्यकता छ ।

**ट्राफिक व्यवस्थापन र सवारी प्रदुषण :-** सहरी आवागमन सहज बनाउन ट्राफिक व्यवस्थापनमा ध्यान दिनु अनिवार्य छ । सडक विस्तार, निर्माण लगायतका निर्माण कार्यले सहरी यातायात सहज हुन नसकेकोले यतातिर पनि सोच्नु पर्ने हुन्छ । सरकारी संयन्त्र दूरदर्शी, सहज हुन नसक्दा सवारी प्रदुषण जाँच फितलो भई सवारी साधनबाट निस्कने धुँवा, धुलोले गर्दा पनि वातावरण प्रदुषित भई ट्राफिक व्यवस्थापनमा असहज भएको छ । विस्तारित सडकमा फुटपाथको पनि समुचित व्यवस्थापन हुनु पर्दछ । सडक निर्माण गर्दा पैदल यात्री, साईकल यात्री र अपाङ्ग मैत्री हुनु पर्दछ । धेरै पुराना गाडीहरुलाई हटाउनु पर्दछ, जसले गर्दा वातावरण प्रदुषण कम हुन्छ । व्याट्री र सोलारबाट चल्ने सवारी साधनलाई प्रोत्साहन गर्नु पर्दछ । काठमाडौं उपत्यकाको सडकमा कुनै किसिमको धर्ना, हडताल लगायतका विरोधका कार्यक्रम गर्नु हुँदैन । सडक वत्ती पनि सौर्य उर्जाबाट संचालन गर्ने व्यवस्था गर्नु पर्दछ ।

**पशुपति क्षेत्रमा पानीको सुविधाः-** विश्वको धार्मिक, सांस्कृतिक, पर्यटकीय र धार्मिक आस्थाको स्थल पशुपति क्षेत्रमा पर्याप्त स्वच्छ पानीको आपूर्ति सहज रुपमा हुनु पर्ने, क्रियापुत्रीलाई समेत स्वच्छ पानीको अभाव भएकोले पर्याप्त स्वच्छ पानीको व्यवस्था हुनुपर्ने । पानीको चुहावट हुन दिनु भएन ।

**उद्योगबाट निस्कने तरल फोहरको प्रशोधनः-** उद्योगबाट निस्कने तरल फोहरको प्रशोधन गर्ने अनिवार्य व्यवस्था हुनु पर्दछ । उद्योगबाट निस्कने तरल फोहरलाई निश्चित स्थानमा संकलन गरी प्रशोधन गर्ने छुट्टै व्यवस्था हुनु पर्दछ । प्रशोधित तरल पदार्थ मात्र नदी वा खोलामा मिसाउने र यस्तो नगर्नेलाई दण्डित गर्नु पर्दछ । जसले गर्दा वातावरण प्रदुषित हुन पाउँदैन र सर्वसाधारणको स्वास्थ्यमा असर पर्दैन ।

**काठमाडौं सबैको साझाः-** काठमाडौं उपत्यका देशको राजधानी भएकोले सेवा सुविधाको हिसावले धेरैको गन्तव्य काठमाडौं नै भएको छ । यसकारणले काठमाडौं उपत्यकामा वस्ती बाक्लिदै गएकोल काठमाडौं थप फोहर र दुर्गन्धित हुने निश्चित छ । त्यसो हुन नदिन घर घरबाट निस्कने फोहरलाई व्यवस्थित तरिकाले विसर्जन गर्नु अनिवार्य छ ।

**जिल्लामा वस्ने स्थानिय नेता खोई ?:-** सेवा, सुविधा, अवसर र सुरक्षाका दृष्टिकोणले कारणले काठमाडौं उपत्यकामा वाहिरी जिल्लाबाट मानिसहरु आई वसोवास गर्ने तथा जनप्रतिनिधी एवं विभिन्न पेशा, व्यवसायका मानिसहरु समेत कामको शिलशिलामा आईरहने हुँदा त्यस्तो अतिरिक्त जनसंख्याको लागि समेत सेवा, सुविधा र पूर्वाधार व्यवस्था गर्न काठमाडौं उपत्यकामा विकासको लागि थप लगानी गर्नुपर्ने देखिन्छ । उपत्यका वाहिरका जिल्लाहरुमा समेत पूर्वाधारहरुको विकास गर्दै लैजांदा काठमाडौं उपत्यकामा वसाईं सरी आउने प्रवृत्ति कम भई जनसंख्याको चाप कम हुन्छ ।

**नगरघोषणाः-** न्यूनतम पूर्वाधार पूरा भएको क्षेत्रलाई नगर घोषणा गर्नु पर्दछ । नगर घोषणा भएको क्षेत्रको भौतिक विकास योजना स्वीकृत गरी सोही योजना अनुसार निर्माण कार्य गर्नु उपयुक्त हुन्छ ।

**पार्कहरु वनाउँदा स्थानियको सहभागिता**ः- जुन स्थानमा पार्क वनाउन लागिएको हो त्यस ठाउँमा स्थानिय वासिन्दालाई पनि सहभागी गराउनु पर्छ । जसले गर्दा उनीहरुमा जिम्मेवारी वोध हुन्छ र त्यस स्थलको हेरविचार गर्नु पर्छ भन्ने भावना जाग्दछ । पार्क निर्माण गर्दा वातावरण सुन्दर, सफा र स्वच्छ हुन्छ भन्ने चेतना जाग्दछ ।

**Planning गर्न Criteria :-** कृषियोग्य, उर्वरा जमिन र भिरालो जग्गामा Planning गर्न नपाईने नियम लागू गर्नु पर्दछ । भूकम्पीय हिसावले असुरक्षित स्थानमा पनि Planning गर्न दिनु हुँदैन ।

**Planning गर्नु पूर्व जनतालाई जग्गा नवेच्न आवहानः-** विकास निर्माणका पर्याप्त पूर्वाधार नहुने हुँदा Planning गर्नु पूर्व सेवा हुनाले व्यक्तिले आफ्नो जग्गा सस्तो मूल्यमा विक्री गर्दछन् । Planning पछि विस्थापित हुने डरले गर्दा जग्गा विक्री गर्न चाहन्छन् । तर उनीहरुलाई बुझाएर Planning पछि विस्थापित होईन सेवा, सुविधा जस्तै ढल, विजुली, खानेपानी, सडक आदि कुराहरुको सुविधा हुन्छ । त्यसकारणले गर्दा Planning गर्नु पूर्व जनतालाई जग्गा नवेच्न आवहान गर्नु पर्दछ ।

**वातावरण समितिको नीति निर्देशन :-** वातावरण प्रदुषित हुन नदिन काठमाडौं उपत्यकाबाट ईंटा भट्टाहरु हटाउनु पर्दछ । पेट्रोल पम्पहरुको पनि मापदण्ड बनाई उचित स्थानमा मात्र संचालन गर्न दिनु पर्दछ । काठमाडौं उपत्यकामा ग्याँस बोटलिङ्ग प्लान्ट राख्न दिनु हुँदैन र बधशाला राख्न दिनु उचित छैन ।

**महिला लक्षित (Focus) कार्यक्रम संचालन गर्नु पर्दछः-** महिलाहरुलाई लक्षित हुने गरी कार्यक्रम संचालन गर्नु पर्दछ । महिला शिक्षित हुनु भनेको परिवार शिक्षित हुनु हो । महिलालाई लक्षित गरेर कार्यक्रम संचालन गर्दा समाजमा चेतनाको विकास हुन्छ, ताकि दलालहरुले झुटा आश्वासन दिएर कहीं कतै नराम्रो काममा फसाउन नसकोस् ।

**Asphalt Plant:-** Asphalt Plant बाट निस्केको धुवाँले वातावरण प्रदुषित भई त्यस आसपासमा बस्ने मानिसहरुको स्वास्थ्यमा हानि गर्दछ र श्वासप्रश्वास सम्बन्धि विभिन्न रोगहरु लाग्दछ । त्यसैले गर्दा Asphalt Plant स्वयम्भूबाट हटाउनु आवश्यक छ ।

**पानीको मुहान एउटा गा.वि.स.मा आवश्यकता अर्को गा.वि.स.माः-** पानीको मुहान जुनसुकै गा.वि.स.मा भएपनि सम्भव भएसम्म आवश्यक परेको गा.वि.स.लाई पानी दिनु पर्दछ । मुहान भएको गा.वि.स.को मानिसहरुसंग समन्वय गरेर उनीहरुलाई कुनै किसिमको बाधा अड्चन नआउने गरी पानीको मुहान व्यवस्थित गर्नु पर्दछ । जसले पहिरो गई धन जनको क्षति नहुने गरी अन्य गा.वि.स.मा पानी लैजान सकिन्छ ।

**घर कहाँ वनाउने, कस्तो बनाउने , कसले हेर्ने ? हेर्नु पर्‍योः-** घर वनाउँदा सुरक्षित स्थानको छनौट गरेर बाढी, पहिरो नजाने सुरक्षित स्थानमा घर निर्माण गर्नु पर्दछ । ढल, पानी, सडक, विजुली आदिको सुविधा भएको घर वनाउने । भूकम्पीय हिसावले कम जोखिम भएको ठाउँमा घर निर्माण गर्नु पर्दछ । भूकम्प प्रतिरोधात्मक घर निर्माण गर्नुा पर्दछ । घर निर्माण गर्दा सम्वन्धित स्थानिय निकायबाट नक्सा पास गरिन्छ र नक्सा पास गर्ने सम्बन्धित  निकायले नै हेर्नु पर्दछ ।

**छुवाछुत समस्या दलित समुदायः-** यो परापूर्व कालदेखि चलिआएको कुप्रथालाई परम्पराको रुपमा लिईंदै आएको छ । प्राचिनकालमा दलित समुदायहरु आर्थिक अवस्था लगायतका समस्याले अशिक्षित र गरिबीमा बाँच्न विवश थिए । जसले गर्दा धनी वर्गले उनीहरुमाथि थिचोमिचो गर्ने र उनीहरुलाई दोस्रो दर्जाको नागरिकका रुपमा लिने गर्थे । तर अहिले यो समस्या धेरै हदसम्म कम भएको छ ।

**थापाथलीको सुकुम्बासीको व्यवस्थाः-**  काठमाडौं उपत्यका विकास प्राधिकरणबाट संचालित इंचगुनारायण (रानीवन) जग्गा एकीकरण आयोजना (दोस्रो) मा सहरी विकास तथा भवन निर्माण विभागले आयोजनाको जग्गा खरिद गरी सहरी न्यूनआय वर्गीय परिवारलाई आवासको व्यवस्था गरेको छ । निर्माण कार्य पूरा भईसकेपछि थापाथलीको वास्तविक सुकुम्वासीलाई उक्त स्थान (इंचगुनारायण (रानीवन) जग्गा एकीकरण आयोजना (दोस्रो)मा बसोबासको व्यवस्था गर्नु पर्दछ ।

**खुला दिसा पिसाव मुक्त क्षेत्र (ODF):-** काठमाडौं उपत्यकालाई नै पहिलो खुला दिसा पिसाव मुक्त क्षेत्रको रुपमा घोषणा पर्ने थियो । तर त्यसो हुन सकेन । काठमाडौंवासीहरु झोलामा दिसा पिसाव गरी झ्यालबाट फ्याँक्ने गर्छन् । यस्तो असभ्य संस्कृतिको अन्त्य हुनु जरुरी छ ।

**हामी कहाँ पहिला घर अनि बल्ल पानीः-** घर निर्माण गर्नु भन्दा पहिले नै ढल,पानी,विजुली,टेलिफोन,सडक हुनु पर्दछ ।

**सघन बस्ती तथा ढल विकास कार्यक्रम शुरु :-** छरिएर रहेको बस्ती भन्दा बाक्लो बस्ती भएको स्थानमा सेवा सुविधाहरु दिन सजिलो र कम खर्चिलो हुन्छ । ढलको सुविधा त सबै स्थानमा हुनुपर्ने जरुरी छ तर विशेष गरि बाक्लो बस्ती भएको स्थानमा बढी प्रभावकारी हुन्छ । ढल नभए दिसा, पिसाव जथाभावी गर्नाले विभिन्न खालका रोगहरु लाग्दछ । जसले गर्दा मानिसको अकालमा मृत्यु पनि हुन सक्दछ । वातावरण पनि प्रदुषित हुन्छ त्यसैले बाक्लो बस्ती भएको स्थानमा ढल विकास कार्यक्रम तत्काल शुरु गर्न अति आवश्यक छ ।

**शहरी गुरुयोजनाः-** शहरहरुमा योजनाबद्ध विकास गर्नको लागि गुरुयोजना अति आवश्यक छ । जसले गर्दा सेवा सुविधा पु¥याउन सहज हुन्छ ।

**काठमाडौंमा ढल, खानेपानी, सडक नै अस्तव्यस्त छ, अन्यत्रको के हालत ?:-** काठमाडौं अस्तव्यस्त हुनाको कारण मापदण्ड बनाउने निकाय एउटा र त्यसको कार्यान्वयन गर्ने अर्को निकायले गर्दा पनि अनुगमन र सजाय( दण्ड,जरिवाना)फितलो भएको कारणले समस्या परेको छ । कार्यान्वयन गर्ने निकायहरुबिच समन्वय नभएको कारणले पनि समस्या आएको छ । यस्तो हुन नदिनको लागि सम्बन्धित कार्यालय वा निकायहरु संग सहकार्य गरेर मात्र काम गर्नु पर्दछ ।

**उपत्यकामा फोहोर मैला बढदो क्रममाः-** काठमाडौं उपत्यकामा बढदो जनसंख्या र अव्यवस्थित बसोबास समस्याको रुपमा त छदैंछ । त्यस्तो अव्यवस्थित जनसंख्याले सहरी वातावरणमा फोहोरको मात्रा बढाईरहेको छ । घरबाट निस्कने फोहोरको उचित व्यवस्थापन नहुँदा फोहोर वातावरणका कारण फैलिने डेङ्गुजस्तो रोगलाई हामीले निम्त्याइ रहेछौं । साथसाथै विभिन्न संगठनबाट हुने बाधा अवरोध साथै स्वयं फोहर संकलन गर्ने निकायका मजदूरहरुले गर्ने हडतालले यस्ता रोगहरु फैलन मद्धत पुगिराखेको छ । यसमा सम्बन्धित सबैको ध्यान जानु अनिवार्य जरुरी छ ।